मिति २०८२ साल जेठ ५ गते सोमवार बिहान ११:३० बजे यस महाकाली नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नर सिंह चैसिरज्यूको अध्यक्षतामा तपसिल बमोजिम उपस्थितिमा बैठक बसी देहाय बमोजिमका निर्णयहरू

तपसिल:

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नर सिंह चैसिर | नगर प्रमुख | |
| २ | श्री दुर्गा कुमारी खत्री बिष्ट | नगर उप-प्रमुख | |
| ३ | श्री मोहन सिह महरा | सदस्य | |
| ४ | श्री शंकर सिह डोबाल | सदस्य | |
| ५ | श्री पदम सिह महर | सदस्य | |
| ६ | श्री जगत बहादुर चुनारा | सदस्य | |
| ७ | श्री दिलेन्द्र राज अवस्थी | सदस्य | |
| ८ | श्री प्रेम बहादुर पाल | सदस्य | |
| ९ | श्री सोबान सिह रैखोला | सदस्य | |
| १० | श्री भवान सिह धामी | सदस्य | |
| ११ | श्री गजेन्द्र सिह कार्की | सदस्य | |
| १२ | श्री भुवनेश्वरी रैखोला | सदस्य | |
| १३ | श्री हेमा थापा | सदस्य | |
| १४ | श्री पार्वती ऐरी | सदस्य | |
| १५ | श्री अम्बीका नेपाली | सदस्य | |
| १६ | श्री नारा धामी | सदस्य | |
| १७ | श्री पुरन सिह बुढाथोकी | सदस्य | |
| १८ | श्री जमुना दमाई | सदस्य | |
| १९ | श्री जगत सिह चुनारा | सदस्य | |
| २० | श्री इश्वरी ठगुन्ना (प्र.प्र.अ.) | सदस्य-सचिव | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| 1 | युवराज जोशी | प्र. अधि | |
| 2 | संजीव अवस्थी | प्र. पु. नी | |
| 3 | मञ्जु पन्त जोशी | से. ल. पा | |
| 4 | राजेन्द्र सिंह धामी | खरिदार | |

मिति २०८२ जेठ ५ गते सोमवार दिउँसो ११:३० बजे बसेको बैठकबाट देहाय बमोजिम निर्णय पारित भएकोले कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

१. ब्याँस गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा, दार्चुलाको च. नं. १३४१ मिति २०८१/१२/०६ को पत्रानुसार शैक्षिक सत्र २०८० र आ. व. २०८०/८१ को मसान्तसम्म महाकाली नगरपालिका मातहत रहेको श्री कैलाशपति आधारभूत विद्यालय छाङ्गरुमा विद्यालय हस्तान्तरण हुनु पूर्व देखि नै कार्यरत विद्यालय सहायक श्री प्रियंका गौतमको आ. व. २०८१/०८२ को पौष देखि असार मसान्तसम्मको पारिश्रमिक रकम भुक्तानीका लागि ब्याँस गाउँपालिकामा आवश्यक बजेट व्यवस्थापन नभएको तथा विद्यालय सहायक कर्मचारी व्यवस्थापनको कानूनी व्यवस्था समेत नभएकाले आगामी आ. व. २०८२।०८३ बाट सम्पूर्ण व्यवस्थापन ब्याँस गाउँपालिकाले नै गर्ने तर चालु आ. व. का लागि तलब भत्ता व्यवस्थापन गरिदिन भनी अनुरोध भइ आएकामा निजको ७ महिनाको तलब भत्ता बराबरको रकम रु. १०५,००० (अक्षरेपी रुपैयाँ एक लाख पाँच हजार मात्र) महाकाली नगरपालिकाको शिक्षातर्फको समानीकरण बजेट शीर्षक विद्यालय कर्मचारी अनुदान शीर्षकबाट खर्च हुने गरी ब्याँस गाउँ पालिकाको सिफारिसमा श्री कैलाशपति आ. वि. छाङ्गरुको खातामा निकासा दिने,

२. महाकाली नगरपालिका वडा नं १ लास्कु खोलामा झोलुङ्गे पुल निर्माण गर्न बिस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गर्न नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत लास्कु खोला स्टील ट्रस पुल निर्माण योजनाबाट बजेट व्यवस्था हुने गरी रु. २६०,०००।०० (दुई लाख साठी हजार) विनियोजन गर्ने

३. महाकाली नगरपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत दलित लक्षित कार्यक्रमबाट खर्च व्यवस्थापन हुने गरी कटाल जामीरपानी खानेपानी योजनामा रु. ५००,०००।०० (पाँच लाख) विनियोजन गर्ने,

४. महाकाली नगरपालिका वडा नं २ मा माणौखोला RCC पुल र रेलिङ्ग सहित PCC बाटो निर्माण योजनामा रु १०,००,०००।०० विनियोजन गर्ने

५. महाकाली नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम Real Plan स्थानीय सेवा प्रदायक संस्था दार्चुला विकास संगठन मार्फत कार्यान्वयन भइ रहेको र उक्त संस्था बीच भएको सम्झौता म्याद समाप्त भएकोले म्याद २०८१ चैत्र मसान्तमा समाप्त भएको मिति देखि लागु हुने गरी २०८२ असार मसान्त सम्म मयाद थप गर्ने र कार्यक्रम संचालनको लागि रु ४२४१००।०० चार लाख चौबीस हजार एक सय अनुदान दिने।